काठमाडौं महानगरपालिका
Kathmandu Metropolitan City
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, बागदरबार काठमाडौं, नेपाल
(प्रशासन विभाग)

प.सं.:०७७।०७८
च.नं.: 3600

मितिः २०७८।०३।१४

श्री सम्पुर्ण विभाग, सचिवालय, महाशाखा,आयोजना, इकाई, शाखा र वडा कार्यालयहरु
काठमाडौं महानगरपालिका ।

**विषयः जानकारी सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.५१२ मिति २०७८।०२।३० को पत्रको छाँया कपि यसै पत्र साथ संलग्न छ । विस्तृत व्यहोरा अवगत गरी सोही बमोजिम कार्यान्वयन गर्ने गराउने व्यवस्था हुन अनुरोध गरिन्छ ।

०७८।०३।१४

युवराज खनाल
प्रमुख
प्रशासन महाशाखा

बागदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२३१४८१ फ्याक्स : ९७७-१-४२६८५०९
E-mail: ceo@kathmandu.gov.np, kmcmayor@mos.com.np, website: www.kathmandu.gov.np

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(जग्गा प्रशासन)

फोन नं. ४२११६६६
४२११६३२
४२११९५२
४२११८४३
४२००२३९
४२११६६७
फ्याक्स:-४२३२२६१
४२११६४४
सिंहदरबार, काठमाडौं

प.सं. २.१./ज.प्र./०७७।०७८(ज.टी.३२५३) ४६०
च.नं. १३८३

मिति:-२०७८।०१।१५

विषय: जानकारी सम्बन्धमा।

प्रिय सहकारी ज्यू ,
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

प्रस्तुत विषयमा नेपाल सरकारको स्वीकृतिले कुनै सार्वजनिक संस्था (प्रचलित कानून बमोजिम स्थापना भएका प्रतिष्ठान, बोर्ड, प्राधिकरण, संस्थान, विकास समिति, विश्वविद्यालय, विद्यालय, स्वास्थ्य संस्था, कम्पनी वा अन्य सार्वजनिक वा गैरसरकारी संस्था) लाई स्वामित्व हस्तान्तरण हुने गरी वा प्रयोग गर्ने गरी उपलब्ध गराईएको सरकारी जग्गा वा सार्वजनिक जग्गाको संरक्षण गर्ने विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।१२।२३ मा देहाय बमोजिम निर्णय भएकोले आवश्यक कार्यार्थ तहाँ मन्त्रालयमा पठाईएको व्यहोरा अनुरोध छ ।सो अनुरुप कार्यान्वयन व्यवस्थाका लागि तहाँ मन्त्रालय अन्तर्गतका निकाय र सार्वजनिक संस्थाहरु लाई समेत निर्देशन हुनेनै छ ।

निर्णय:

(क) नेपाल सरकारको स्वीकृतिले कुनै सार्वजनिक संस्था (प्रचलित कानून बमोजिम स्थापना भएका प्रतिष्ठान, बोर्ड, प्राधिकरण, संस्थान, विकास समिति, विश्वविद्यालय, विद्यालय, स्वास्थ्य संस्था, कम्पनी वा अन्य सार्वजनिक वा गैरसरकारी संस्था) लाई स्वामित्व हस्तान्तरण हुने गरी वा उपयोग गर्ने गरी उपलब्ध गराईएको सरकारी जग्गा वा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा देहाय अनुसार गर्ने गराउने गरी सम्बन्धित सबैलाई निर्देशन गर्न वा आवश्यक व्यवस्था गर्न भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई स्वीकृति दिने:

१. नेपाल सरकारबाट प्राप्त जग्गा सार्वजनिक संस्थाले नेपाल सरकारको पूर्व स्वीकृति बिना बेचबिखन गर्न, सट्टापट्टा गर्न, लिजमा दिन वा कुनै प्रकारको सम्झौताबाट अन्य व्यक्ति, संस्था वा निकायलाई प्रयोग गर्न दिन वा कुनै पनि प्रकारले आंशिक वा पूरै हक हस्तान्तरण गर्न र धितो बन्धक राख्न नपाउने,
२. सार्वजनिक संस्थाका नाममा रहेको वा नेपाल सरकारले सार्वजनिक संस्थालाई उपयोगका लागि उपलब्ध गराइएको त्यस्ता जग्गा सार्वजनिक संस्थाले उद्देश्य अनुरुप उपयोग गरे नगरेको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले अनुगमन गर्ने र उद्देश्य अनुरुप प्रयोग गरेको नपाईएमा त्यस्तो जग्गा नेपाल सरकारले फिर्ता लिन सक्ने,
३. सार्वजनिक संस्थाले नेपाल सरकारबाट प्राप्त जग्गाको मूल्याङ्कन गरी आफ्नो कूल सम्पत्तिको मूल्य कायम गर्न र त्यसको आधारमा कुनै सुविधा वा लाभ निर्धारण गर्न नपाउने,

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३१
४२११६६४
फ्याक्स:-४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

४. नेपाल सरकारका कुनै पनि सार्वजनिक संस्थालाई सरकारी वा सार्वजनिक जग्गाको स्वामित्व कायम वा प्रयोग गर्न वा लिजमा दिने सम्बन्धी नेपाल सरकारको निर्णयार्थ प्रस्तुत हुने प्रस्ताव भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय मार्फत मात्रै पेश गर्ने र सो मन्त्रालयले त्यसरी उपलब्ध गराईएका जग्गाको अद्यावधिक अभिलेख राख्ने,

(ख) कुनै सार्वजनिक संस्थालाई स्वामित्व हस्तान्तरण वा प्रयोग गर्न उपलब्ध गराईएका सरकारी वा सार्वजनिक जग्गाको संरक्षण गर्ने र उद्देश्य अनुरुप प्रयोग भए नभएको अनुगमन गरी उद्देश्य अनुरुप प्रयोग नभएको अवस्थामा हुने कारबाहीका सम्बन्धमा भूमि सम्बन्धी ऐन, २०२१ मा आवश्यक व्यवस्था गर्न र सो बमोजिम नभएसम्म नेपाल सरकारबाट एकीकृत कार्यविधि/मापदण्ड स्वीकृत गराई भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले लागू गर्न अग्रीम कारवाही गर्ने।

(टेकनारायण पाण्डे)
सचिव